# मिति २०८२।०६।३० गते चौकुने गाउँपालिका गाउँ  कार्यपालिका बैठक निर्णयहरु:

निर्णय नं. १, मिति २०८२।०५।३१ गते कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा समिक्षा गरी थप प्रभावकारी रुपमा अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २, अधिवक्ता दिपक बिक्रम मिश्रले चौकुने गाँउपालिका समेतलाई बिपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा राउटे समुदायलको हित र संरक्षणको सार्वजनिक महत्वको विषयमा दायर भएको उत्प्रेषण मुद्दा (रिट) निबेदनमा चौकुने गाउँपालिकाको तर्फबाट लिखित जबाफ पेश गर्न, तारेखमा रही मुद्धामा आवश्यक पर्ने अन्य काम गर्नका लागि प्रेम बहादुर दर्जिलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ३, चौकुने गाउँपालिकाको मिति २०८२।०४।२९ गते निर्णय नं. ६ अनुसार मर्मत गरिएका हेभी इक्युपमेन्टको खर्च रकम स्विकृत गरी भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ४, देहाय बमोजिमका कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशित गर्ने निर्णय गरीयो ।

घ) मुक्तहलिया पुनःस्थापना कार्यविधि, २०८२

ङ) शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२

च) स्थानीय नदीजन्य पदार्थ उत्खनन् तथा विक्रिवितरण सम्बन्धी कार्यविधि, २०८२

निर्णय नं. ५, भुमी समस्या समाधान आयोग खारेज भै निर्वाचन घोषणा भैसकेको, लगतै आचारसंहिता लागु हुने तत्काल जग्गा धनी प्रमाण पुर्जा वितरण सम्बन्धी कार्य हुने नदेखीएकोले अर्को ब्यवस्था नहुँदासम्म भुमीशाखा अन्तरगतका सम्पुर्ण कर्मचारी म्याद थप नगर्ने निर्णय गरीयो ।

निर्णय नं. ६, चौकुने गाउँपालिका वन हेरालुमा नियुक्त कर्मचारीलाई पालिकामा हाजिर हुने व्यवस्था मिलाउने, कार्यलयमा नियमितता नदेखिएको सम्बन्धमा स्पष्टिकरण सोध्ने र जवाफ चित्त बुझ्दो नभएमा, कार्यालयमा नियमित नभएमा, कार्यसम्पादन सन्तोषजनक नभएमा प्रशासकीय अधिकृतले करार म्याद रद्ध गर्ने निर्णय गरीयो ।

निर्णय नं. ७, व्याकहु लोडर (भे १ ग १२४) र एक्साभेटर ( ) को लागि १\१ जना गरी २ जना हेभि सहचालको नियुक्ति प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

निर्णय नं. ८, जन स्वास्थ्य निरीक्षक पदमा गरिएको बिज्ञापनलाई स्वीकृत गरी भर्ना प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

निर्णय नं. ९, तपसिल अनुसारका ब्यक्तिहरुबाट आर्थिक सहायता माग भै आएकोमा निम्नानुसार रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | बिरामी नाम | ठेगाना | समस्या | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ललिता टमट्टा | चौकुने वडा नं. ६ | पित्तथैली पत्थरी भएको | १५०००।- | थप कागजात पेश गर्नुपर्ने । |
| २ | कमल बहादुर वि.क. | चौकुने वडा नं. ९ | करेन्ट लागेर स्पाइनल इन्जुरी | १५०००।- | |
| ३ | बसुन्धरा देवी ढुङ्गाना | चौकुने वडा नं. ९ | खुट्टाको क्यान्सर | १५०००।- | थप कागजात पेश गर्नुपर्ने । |
| ४ | कलसादेवी वि.क. | चौकुने वडा नं. ७ | फोक्सो र मुटु रोग पिडित | १५०००।- | थप काहजात पेश गर्नुपर्ने । |
| ५ | रेखा सिजाली | चौकुने वडा नं. ७ | ब्लड क्यान्सर | १५०००।- | |
| ६ | पानसरा देवी बिष्ट | चौकुने वडा नं. १० | हाडजोर्नी समस्या मेरुदण्डको | रु.५०००।- | थप कागजात पेश गर्नुपर्ने |

निर्णय नं. १०, हेभी इक्युपमेन्ट सञ्चालन सम्बन्धमा तपसिलका वडाहरु निम्नानुसार इन्धन खर्च गर्ने गरी देहाय बमोजिम पालो बिभाजन गरीयो । सम्बन्धीत वडाको प्राविधिक र वडा अध्यक्षहरुको रोहवरमा गाउँपालिका अध्यक्ष/ प्राविधिक शाखा प्रमुखको समन्वयमा सडक मर्मत/ग्राबेल/नयाँ कट्टिङ् लगायतका कार्य गर्ने गराउने निर्णय गरियो।

| क्र.स | वडा नं. | परीमाण | क्र. स. | वडा नं. | परीमाण |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं.१ | ११०० लि वा १० कार्यदिन | ६ | वडा नं.६ | ११०० लि वा १० कार्यदिन |
| २ | वडा नं.२ | ११०० लि वा १० कार्यदिन | ७ | वडा नं.७ | ११०० लि वा १० कार्यदिन |
| ३ | वडा नं.३ | ११०० लि वा १० कार्यदिन | ८ | वडा नं.८ | ११०० लि वा १० कार्यदिन |
| ४ | वडा नं.४ | ११०० लि वा १० कार्यदिन | ९ | वडा नं.९ | ११०० लि वा १० कार्यदिन |
| ५ | वडा नं.५ | ११०० लि वा १० कार्यदिन | १० | वडा नं.१० | ११०० लि वा १० कार्यदिन |

पहिलो चरणमा गुटु स्थित वडा नं. ६, ७ र ८ का सडम मर्मत/ग्राबेल/ नयाँ निर्माण गर्ने, दोस्रो चरणमा वडा न ९ को बसन्ते भालुखोला सडक निर्माण गर्ने र तत् पश्चात क्रमीक रुपमा तोकीएको कार्यदिन भित्र उपलब्ध ईन्धन सीमा भित्र रही वडा न ९,१०,४,५,३,२ र १ मा काम गर्ने गराउने गरी हेभी इक्युपमेन्ट परिचालन गर्ने निर्णय गरीयो।

निर्णय नं. ११, मिति २०८२।०६।३० बिहान ८;३० मा बसेको सर्बदलिय/सर्वपक्षीय बैठकको निर्णय अनुसार प्रदेश निर्वाचन कार्यालय, कर्णाली प्रदेशको प.स. ०८२।०८३ च.न. २७ र मिति २०८२।०६।२६ गतेको पत्रानुसार मतदानस्थल पुनरावलोकन सम्बन्धमा देहाय बमोजिम हुने गरी मतदानस्थल पुनरावलोकन तथा नयाँ मतदानस्थल थप गर्नको लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

क)भौगोलिक विकटता र आसपास बस्तीलाई मध्यनजर गरेर बिच सेन्टर हुने गरी देहायका मतदानस्थल पुनरावलोकन गर्ने ।

| क.स. | हालको मतदानस्थल | स्थानान्तरण गर्नुपर्ने स्थान | कारण | कैफियत |
|---|---|---|---|---|
| १ | ने.रा.मा.वि. धनरास | ने.रा.आ.वि. धामिसैन | तालागाउँ, देवल, पाल्पाघाट लगायतलाई समेत सेन्टर हुने गरी | साताको बस्तीलाई ने.रा.आ.वि.छिनिगैरामा मतदान गर्ने व्यवस्था मिलाउनु पर्ने । |
| २ | पिपल चौतारा आ.वि. खोप्री | ने.रा.प्रा.वि. कोइरालबास | बिच सेन्टर हुने भएको हुदाँ | |

ख) मतदानकेन्द्रमा जादाआउदा लाग्ने समय, अप्ठ्यारो, सार्वजनिक यातायात सुविधा समेत नभएको, भौगोलिक विकटता समेतलाई मध्यनजर गरी निम्नानुसार स्थानमा नयाँ मतदानस्थल राख्ने गरी सिफारिस गरि पठाउने निर्णय गरियो ।

| क्र.स. | थप गर्नुपर्ने मतदान केन्द्र | वडा नं. | उक्त मतदान केन्द्रमा रहने गाउँहरु | कैफियत |
|---|---|---|---|---|
| १ | ने.रा.प्रा.वि भैरवस्थान | ३ | बाझँबिसौना, सातसल्ली, सिमलगैरा, दह, सल्लेरी | |
| २ | ने.रा.आ.वि.साल्मधारापानी | ६ | बाँसपानी, साल्म, भित्रीवन, ओखलढुङ्गा, झ्यालेकाडा | |

निर्णय नं. १२, चौकुने गाउँपालिका स्थित गाउँपालिकाबाट कार्यान्वयन रहेको पुराना, रुग्ण, अलपत्र वा निर्माणाधिन आयोजनाका हकमा यस अघी भएका निर्णय तथा नियमानुसार आवश्यक प्रक्रिया तदारुकताको साथ अगाडी बढाउने र संघ, प्रदेशबाट कार्यान्वयन आयोजनाको हकमा सम्बन्धीत निर्माण ब्यवसायी र कार्यालयलाई ताकेताको लागि पत्राचार गर्ने निर्णय गरीयो ।

निर्णय नं. १३, चौकुने गाउँपालिका वडा नं ४ बिजौरामा चौकुने गाउँपालिका र रेडक्रस सोसाईटि सुर्खेतको सहकार्यमा आँखा उपचार केन्द्र स्थापनाको लागि रेड्क्रस सोसाईटी सँग सम्झौता (**MOU**) गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरीयो ।

निर्णय नं. १४, संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको प.स ०८०/०८१च.न. ४२२ र मिति२०८१/०३/०५ को पत्रानुसार **HICDPS** कार्यक्रम अन्तर्गत मापदण्ड बमोजिम तोकीएको प्रतिशत (**५%**) लागत साझेदारी गर्ने गरी आवश्यक कागजात तयार गरी सम्बन्धीत निकायमा पेश गर्ने निर्णय गरीयो ।

खड्क वि.क. (विवस)

अध्यक्ष

चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय गुटु, सुर्खेत ।